त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY

Phone No.: 071-570205
Phone/Fax : 071-572931
E-mail: bhairahawabahumukhicampus@gmail.com

# भैरहवा बहुमुखी क्याम्पस
# BHAIRAHAWA MULTIPLE CAMPUS

सिद्धार्थनगर, रूपन्देही, नेपाल
Siddharthanagar, Rupandehi, Nepal
website: www.bhairahawacampus.edu.np

भैरहवा बहुमुखी क्याम्पस सिद्धार्थनगर, रुपन्देही नेपाल

मिति : २०८२/०८/१६

## उच्च शिक्षा छात्रवृत्ति सम्बन्धीसूचना

उपरोक्त सम्बन्धमा लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी दाङ, नेपालद्वारा मिति २०८२/०८/१६ मा प्रकाशित सूचना अनुसार आङ्गिक क्याम्पसको *स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुका लागि* **दलित, जनजाति, महिला, मधेशी, मुस्लिम, द्वन्द्व पीडित, अपाङ्ग, सीमान्तकृत, वेपत्ता पारिएका व्यक्ति, सहिद परिवार तथा घाइते वा निजको सन्तति** छात्रवृत्ति उपलब्ध गराइने भएकाले जुन किसिमको छात्रवृत्तिका लागि आवेदन दिने सोको आवश्यक कागजातहरु समावेश गरी २०८२/०९/१६ गतेभित्र क्याम्पस प्रशासन शाखामा निवेदन पेश गर्न सम्वन्धित सबै विद्यार्थीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरू**

छात्रवृत्ति प्राप्त गर्ने आधार तथा पेश गर्नुपर्ने कागजातहरु

- विद्यार्थीको निवेदन
- विद्यार्थी भर्ना गरेको रसिदको प्रतिलिपि
- दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत भएको हुनुपर्ने।
- जनजाति छात्रवृत्तिको लागि जनजातिको सूचिमा सूचिकृत जनजाति हुनुपर्नेछ।
- अपाङ्ग छात्रवृत्तिका लागि क, ख, ग, घ श्रेणीको अपाङ्ग परिचयपत्रको प्रतिलिपि।
- द्वन्द पीडित र वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्तिको लागि द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट मृत्यु भएका तथा द्वन्द्वको क्रममा पचास प्रतिशत भन्दा बढी अपाङ्ग, अङ्ग भङ्ग भएका वा घाइते वा वेपत्ता भएका व्यक्तिहरुको तत्कालिन शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा निर्धारण गरिएका व्यक्तिका सन्तति हुनुपर्नेछ। द्वन्द्व पीडित छात्रवृत्तिका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी भएको द्वन्द्व प्रभावित भएको प्रमाणपत्रको प्रतिलिपि।
- सहिदका छोराछोरीको लागि नेपाल सरकारबाट सहिद घोषणा गरिएका व्यक्तिका सन्तति हुनुपर्ने।
- अल्पसंख्यक छात्रवृत्तिका लागि नेपाल सरकारको अल्पसंख्यक जातिको सूचिमा सूचिकृत भएका जातजातिका सन्तान।
- मधेशी विद्यार्थी छात्रवृत्तिका लागि मधेशी भएको प्रमाणित भएको प्रमाण पेश गर्नुपर्ने।
- क्याम्पसमा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित क्याम्पसको सिफारिस
- अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको बेहोराको सम्बन्धित क्याम्पसको सिफारिस पत्र
- उमेरको हद ३० वर्ष ननाघेको हुनुपर्ने। (नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने
- विद्यार्थीको नेपाल बैंक लि. सिद्धार्थनगरमा रहेको खाता नम्वर (बैंकको चेकको फोटोकपी)

..........................
लक्कीप्रसाद जोशी
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

CamScanner